**लोक सेवा आयोग**

**नेपाल विविध सेवा, राजपत्र अनंकित द्वितीय श्रेणी, सहायक महिला विकास निरीक्षक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम एवं परीक्षा प्रणाली (योजना)**

**पाठ्यक्रमको रुपरेखा** :– यो पाठ्यक्रम योजना दुई चरणमा विभाजन गरिएको छ ।

| | | |
|---|---|---|
| **प्रथम चरण** :– | लिखित परीक्षा | पूर्णाङ्क :– २०० |
| **द्वितीय चरण** :– | कम्प्युटर सीप परिक्षण र अन्तर्वार्ता | पूर्णाङ्क :– ४० |

**प्रथम चरण – लिखित परीक्षा योजना (Written Examination Scheme)**

| पत्र / विषय | | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सामान्य बौद्धिक परिक्षण (General Knowledge & General Mental Ability Test)) | १०० | ४० | वस्तुगत (Objective): बहुवैकल्पिक प्रश्न (Multiple Choice Questions) | ५० प्रश्न X २ अङ्क | ४५ मिनेट |
| द्वितीय | महिला विकास तथा विविध (Women Development and Miscellaneous) | १०० | ४० | विषयगत (Subjective): छोटो र लामो उत्तर (Short & long Answers) | ५ प्रश्न X १० अङ्क<br>१० प्रश्न X ५ अङ्क | ३ घण्टा |
| कूल पूर्णाङ्क | | २०० | | | | |

**द्वितीय चरण – कम्प्यूटर सीप परिक्षण र अन्तर्वार्ता (Computer Skill Test & Interview)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| कम्प्यूटर सीप परिक्षण (Computer Skill Test) | १० | प्रयोगात्मक (Practical) | १५ मिनेट |
| व्यक्तिगत अन्तर्वार्ता (Interview) | ३० | मौखिक (Oral) | |

**द्रष्टव्य** :

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

२. वस्तुगत बहुवैकल्पिक (**Multiple Choice**) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्ककट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यसबापत अङ्क दिइनेछैन र अङ्ककट्टा पनि गरिने छैन ।

३. विषयगत प्रश्नका लागि तोकिएका १० अङ्कका प्रश्नहरुको हकमा १० अङ्कको एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (**Two or more parts of a single question**) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (**Short notes**) सोध्न सकिने छ ।

४. परीक्षामा सोधिने **प्रश्नसंख्या, अङ्क र अङ्कभार** पत्र/विषयको विषयवस्तुमा दिईएको अनुसार हुनेछ ।

५. यस पाठ्यक्रममा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन, नियमहरु तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधनभई हटाईएका वा थप गरी संशोधनभई) कायम रहेकालाई यस पाठ्कममा परेको सम्झनु पर्दछ ।

६. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको कम्प्यूटर सीप परिक्षण र अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।

७. पाठ्यक्रम लागू मिति :– २०६८/०२/२७

८. कम्प्युटर सिप परीक्षणको पूर्णाङ्क संशोधन मिति : २०६९/११/१७

लोक सेवा आयोग

**लोक सेवा आयोग**

**नेपाल विविध सेवा, राजपत्र अनंकित द्वितीय श्रेणी, सहायक महिला विकास निरीक्षक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम**

**प्रथमपत्र :- सामान्य ज्ञान र सामान्य बौद्धिक परिक्षण**

१. **सामान्य ज्ञान** अङ्क- ७०

१.१ सौर्यमण्डल र पृथ्वी सम्वन्धी सामान्य जानकारी ।

१.२ विश्वको भूगोल - महादेश, महासागर, ध्रुव, अक्षांश, देशान्तर, समय, दुरी, पर्वतश्रृंखला, भूकम्प, ज्वालामुखी, नदी, हिमनदी, ताल, जलवायु, आदि ।

१.३ नेपालको भूगोल - भौगोलिक अवस्था, धरातलीय स्वरुप र प्राकृतिक सम्पदा (जलस्रोत, जीवजन्तु, वनस्पति, माटो, खनिज पदार्थ, पहाड, आदि) ।

१.४ विश्वको इतिहास - औद्योगिक क्रान्ति, फ्रान्सको राज्यक्रान्ति, अमेरिकी स्वतन्त्रता सङ्ग्राम, रुसी / अक्टोवर क्रान्ति, प्रथम र द्वितीय विश्वयुद्ध तथा भारतीय स्वतन्त्रता सङ्ग्राम; घटना, कारण र परिणामहरू ।

१.५ नेपालको इतिहास (प्राचीन कालदेखि हालसम्म)

१.५.१ किराँतकाल, लिच्छविकाल र मध्यकाल; सामाजिक, सांस्कृतिक, आर्थिक एवं राजनीतिक अवस्था ।

१.५.२ आधुनिक इतिहास (नेपालको एकीकरण देखि हालसम्म); राजनीतिक घटनाक्रम, सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था ।

१.६ नेपालको सामाजिक अवस्था, परम्परा, मूल्य र मान्यता, धर्म, जातजाति, भाषाभाषी, संस्कृति, कला, साहित्य, संगीत, सांस्कृतिक सम्पदा र आर्थिक अवस्था (कृषि, उद्योग, व्यापार, पर्यटन, यातायात, संचार, विकास योजना, आदि) सम्वन्धी जानकारी ।

१.७ मानव जीवनमा प्रत्यक्ष प्रभाव पार्ने विज्ञानका प्रमुख आविष्कार र नविनतम गतिविधिहरु सम्वन्धी जानकारी ।

१.८ पर्यावरण, जैविक विविधता, दिगो विकास, जलवायु परिर्वतन, वातावरण व्यवस्थापन, प्रदुषण, जनसंख्या, शहरीकरण, बसोवास (बँसाईसराई), गरीबी, स्वास्थ्य, रोग, खाद्य र पोषण, आदि सम्वन्धी जानकारी ।

१.९ नेपालको शासनपद्धति र सरकार - संविधान, राजनीतिक व्यवस्था, स्थानीय सरकार, सुशासन, आदि ।

१.१० अन्तर्राष्ट्रिय सम्वन्ध तथा संघ/संस्था - संयुक्त राष्ट्रसंघ र क्षेत्रीय संगठन (सार्क, आसियान, युरोपियन युनियन) ।

१.११ राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, खेलकूद, पुस्तक, पुरस्कार, कला, साहित्य, संगीत, आदि लगायत राष्ट्रिय र अर्न्तराष्ट्रिय महत्वका समसामयिक गतिविधिहरु र महत्वपूर्ण व्यक्तित्व तथा विचारकहरु सम्वन्धी जानकारी ।

**लोक सेवा आयोग**

**नेपाल विविध सेवा, राजपत्र अनंकित द्वितीय श्रेणी, सहायक महिला विकास निरीक्षक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम**

**२. सामान्य बौद्धिक परिक्षण** **अङ्क- ३०**

बौद्धिक परिक्षण अर्न्तगत साधारणतया देहायका उप-परिक्षणहरु पर्दछन : शाव्दिक तार्किक परीक्षण, मात्रात्मक (संख्यात्मक वा अंक सम्बन्धी) तार्किक परीक्षण र अशाब्दिक अमूर्त तार्किक परीक्षण ।

२.१ शाव्दिक तार्किक/चार्तुयता परीक्षणमा बोध, शब्दज्ञान, अनुक्रम, समरुपता, वर्गीकरण, कोडिङ-डिकोडिङ, दिशा र दुरी ज्ञान परीक्षण, तर्क विचार सम्बन्धी, श्रेणीक्रम (पंक्तिक्रम), आगमन, निगमन, आदि विषयवस्तुबाट प्रश्नहरु समावेश गरिनेछ ।

२.२ मात्रात्मक (संख्यात्मक वा अंक सम्बन्धी) तार्किक परीक्षणमा अनुक्रम (श्रेणीक्रम), समरुपता, वर्गीकरण, कोडिङ, छोडिएका संख्या (अक्षर/संकेत) मिलाउने, साझा गुण, मेट्रिक्स, तथ्यांक व्याख्या, तथ्यांक जाँच (रुजु), अंकगणितीय तर्क /क्रिया सम्बन्धी, आदि विषयवस्तुबाट प्रश्नहरु समावेश गरिनेछ ।

२.३ अशाब्दिक तार्किक परीक्षणमा अनुक्रम, समरुपता, एकरुपता, वर्गीकरण, चित्रात्मक विश्लेषणात्मक तर्क सम्बन्धी, भेन चित्र, मेट्रिक्स, त्रिभुज र वर्गहरुको रचना, चित्र वा आकृति बनावट र विश्लेषण, आदि विषयवस्तुबाट प्रश्नहरु समावेश गरिनेछ ।

समाप्त

**प्रथमपत्र सामान्य ज्ञान र सामान्य बौद्धिक परिक्षण विषय**का पाठ्यक्रमका एकाईहरुबाट सोधिने प्रश्नहरुको संख्या निम्नानुसार हुनेछ ।

| प्रथमपत्र | सामान्य ज्ञान | | | | | | | | | | | सामान्य बौद्धिक परिक्षण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अङ्कभार | ७० | | | | | | | | | | | ३० | | |
| एकाइ | १.१ | १.२ | १.३ | १.४ | १.५ | १.६ | १.७ | १.८ | १.९ | १.१० | १.११ | २.१ | २.२ | २.३ |
| प्रश्न संख्या | १ | ३ | ३ | १ | ३ | ५ | १ | ६ | २ | २ | ८ | ५ | ५ | ५ |
| जम्मा प्रश्न | ३५ | | | | | | | | | | | १५ | | |

**द्रष्टव्यः-** माथि उल्लिखित सामान्य बौद्धिक परिक्षणको विषयवस्तु/विषयमा सोधिने प्रश्नहरुको प्रकृति र स्तर निश्चित विधा अध्ययन गरेको वा निश्चित विधा अध्ययन गरेकालाई सहयोग पुग्ने नभई दशम् कक्षा उतीर्ण शिक्षित व्यक्तिले उत्तर दिन सक्ने हुनेछ । यस परिक्षणले निश्चित नियमहरुको आधारमा सहजबुद्धि साथ व्यक्तिले तर्कसंगत सोचविचार गरी समस्या समाधान गर्न सक्ने सार्मथ्य वा सीप सम्बन्धमा बढी जोड दिनेछ् । यसले व्यक्तिको घोक्ने (कण्ठ्स्त गर्ने) क्षमतालाई भन्दा विश्लेषण क्षमतालाई प्रतिबिम्वित गर्नेछ ।

(In English)

**PAPER I: - General Knowledge & General Mental Ability Test**

**1. General Knowledge 70 Marks**

1.1 General information on solar system and earth.

1.2 Geography of World - continent, ocean, pole, latitude, longitude, time, distance, mountains, earthquake, volcano, rivers, glaciers, lakes, climate, etc.

1.3 Geography of Nepal - geographical location, relief features and natural resources (water resources, animals, plants, soils, minerals, mountains, etc).

1.4 History of the World - Industrial revolution, French revolution, American war of independence, Russian revolution / October revolution, First and Second World wars and Indian movement for independence; events, causes and effects.

1.5 History of Nepal (From ancient period till now)
- 1.5.1 Social, economic and political conditions of Kiranti Period, Lichhavi Period and Malla Period.
- 1.5.2 Modern history of Nepal (from Nepal's unification to present day) notable political events, social, cultural and economic conditions.

1.6 Information on social aspect including traditions, norms, values, religions, ethnicity, languages, cultures, arts, literature, music, cultural heritages; and economic status (agriculture, industry, trade, tourism, transportation, communication, development planning, etc) of Nepal.

1.7 Information on recent scientific activities and major inventions of science which has direct impact on human life.

1.8 Information on ecology, bio-diversity, sustainable development, climate change, environment management, pollution, population, urbanization, settlement (migration), poverty, health, food and nutrition, etc.

1.9 Polity and governance of Nepal – constitution, political system, local governance, good governance, etc

1.10 International affairs and institutions – the UNO and regional organizations (the SAARC, ASEAN, EU).

1.11 Information on current affairs including political, social, economic, cultural, sports, books, prizes, arts, literature, music, etc of national and international importance, and noted personalities and thinkers.

**2. General Mental Ability Test (GMAT) 30 Marks**

General Mental Ability Test is generally consists of the following subtests: Verbal Reasoning, Quantitative (Numerical) Reasoning, and Non-verbal Reasoning.

2.1 **Verbal reasoning test** includes questions on comprehension, vocabulary, series, analogy, classification, coding-decoding, direction and distance sense test, logical reasoning, ranking order, induction, deduction, etc.

2.2 **Quantitative (Numerical) reasoning test** includes questions on series (sequence), analogy, classification, coding, insert the missing character, common property, matrices, data interpretation, data checking, arithmetical reasoning / operation, etc.

2.3 **Non-verbal reasoning test** includes questions on series, analogy, symmetry, classification, analytical reasoning, venn diagrams, matrices, construction of squares and triangles, and figure formation and analysis, etc.

Note:- The nature and standard of questions in General Mental Ability Test will be such that an educated Class X level person will be able to answer them without any specialized study. Focus will be on testing a candidate's ability to think logically on the basis of a set of rules and analyze situations using common sense. It will reflect the candidates' ability to analyse than ability to memorise.

## सामान्य ज्ञानका नमुना प्रश्नहरु (Sample Questions of General knowledge)

1. ग्रहण सम्बन्धमा निम्नलिखित मध्ये सही उत्तर कुन हो?
   **(A)** सूर्य र पृथ्वीको बीचमा चन्द्रमा एउटै सिधा रेखामा परेको पूर्णिमाको दिन चन्द्रग्रहण लाग्दछ ।
   **(B)** सूर्य र चन्द्रमाको बीचमा पृथ्वी एउटै सिधा रेखामा परेको औंसीको दिन सूर्यग्रहण लाग्दछ ।
   **(C)** सूर्य, पृथ्वी र चन्द्रमा एउटै सिधा रेखामा हुँदा पृथ्वीको छाँया चन्द्रमामा पर्दा चन्द्रग्रहण हुन्छ ।
   **(D)** सूर्य, चन्द्रमा र पृथ्वी एउटै सिधा रेखामा हुँदा पृथ्वीको छाँया सूर्यमा पर्दा सूर्यग्रहण हुन्छ ।

   Which of the following is correct about eclipse?
   **(A)** When the moon comes in between the sun and the earth on the full moon day, lies in a straight line, the lunar eclipse appears.
   **(B)** When the earth comes in between the sun and the moon on the new moon day, lies in a straight line, the solar eclipse appears.
   **(C)** When the sun, the earth and the moon lies in a straight line and the shadow of the earth appears on the surface of the moon, the lunar eclipse takes place.
   **(D)** When the sun, the earth and the moon lies in a straight line and the shadow of the earth appears on the surface of the sun, the solar eclipse takes place.

2. ग्रीनविच ........ डिग्री देशान्तरमा पर्दछ ।
   Greenwich lies on .......... degree longitudes.
   **(A)** 0 **(B)** 90 **(C)** 180 **(D)** 360

3. सामुद्रिक आँधी (Cyclone) का विभिन्न फरकफरक नामबारे विचार गर्नुहोस् ।
   (1) उत्तर आन्ध्र महासागर र पूर्वी प्रशान्त महासागरीय क्षेत्रमा हरिकेन (Hurricane) नामले चिनिने गरिन्छ ।
   (2) उत्तर पश्चिम प्रशान्त महासागरीय क्षेत्रमा टाइफुन (Typhoon) नामले चिनिने गरिन्छ ।
   (3) हिन्द महासागरमा साइक्लोन (Cyclone) नामले चिनिने गरिन्छ ।
   (4) दक्षिणी प्रशान्त महासागरमा विली विली (Willy - Willy) नामले चिनिने गरिन्छ ।

   माथि उल्लिखित अनुसार निम्नलिखितमा सही उत्तर कुन हो, छान्नुहोस् ?
   **(A)** 1 मात्र सही हो । **(B)** 1 र 2 मात्र सही हुन् ।
   **(C)** 1, 2 र 3 मात्र सही हुन् । **(D)** 1, 2, 3, 4 सबै सही हुन् ।

   Consider the following different names of the term "Cyclone"
   (1) It is known by the name of Hurricane in the Northern Atlantic Ocean and Eastern Pacific Ocean.
   (2) It is known by the name of Typhoon in the North- Western Pacific Ocean.
   (3) It is known by the name of Cyclone in the Indian Ocean.
   (4) It is known by the name of Willy-Willy in the Southern Pacific Ocean.

   Which of the statements given above is/ are correct?
   **(A)** Only 1 is correct. **(B)** Only 1 & 2 are correct.
   **(C)** Only 1, 2 & 3 are correct. **(D)** All 1, 2, 3, 4 are correct.

4. अन्नपूर्ण संरक्षण क्षेत्र सम्बन्धमा निम्नलिखित मध्ये ठीक कुन हो /हुन, छुट्याउनु होस् ।

(1) 7629 वर्ग किलोमिटर क्षेत्रफललाई समेटेर वि.स. 2049 सालमा स्थापना भएको हो ।

(2) यसमा धौलागिरी र गण्डकी अञ्चलका बाग्लुङ्ग, म्याग्दी, मुस्ताङ, मनाङ, लमजुङ र कास्की जिल्लाका अधिकांश भागहरु पर्दछन् ।

(3) यस क्षेत्रमा विश्वकै सबैभन्दा अग्लो स्थानमा रहेको तिलिचो ताल र अन्नपूर्ण, निलगिरि जस्ता हिमाल पर्दछन् ।

**(A)** 1 र 2 मात्र ठीक  **(B)** 2 र 3 मात्र ठीक
**(C)** 1 र 3 मात्र ठीक  **(D)** 1, 2, 3 सबै ठीक

Which of the following is/ are correct about Annapurna Conservation Area?

(1) It is established in 2049 BS covering area of 7629 square kilometers.

(2) It covers large areas of Dhaulagiri and Gandaki zones including Baglung, Myagdi, Mustang, Manang, Lamjung and Kaski districts.

(3) It has Tilicho Lake, which is situated at the highest place of the world and mountains like Annapurna, Nilgiri.

**(A)** Only 1 & 2 are correct.  **(B)** Only 2 & 3 are correct.
**(C)** Only 1 & 3 are correct.  **(D)** All 1, 2, 3 are correct.

5. हिमालहरुको अवस्थितिको आधारमा पूर्व देखि पश्चिम क्रममा मिलाएर राख्दा तलका मध्ये कुन क्रम सही हो ?

**(A)** कञ्चनजङ्घा, मकालु, सगरमाथा, अन्नपूर्ण, मनासलु
**(B)** मकालु, ल्होत्से, अन्नपूर्ण, मनासलु, धौलागिरी
**(C)** कञ्चनजङ्घा, सगरमाथा, मकालु, मनासलु, अन्नपूर्ण
**(D)** मकालु, ल्होत्से, मनासलु, अन्नपूर्ण, धौलागिरी

Which one of the following order is correct according to geographical location ranging from East to West?

**(A)** Kanchanjangha, Makalu, Sagarmatha, Annapurna, Manaslu
**(B)** Makalu, Lhotse, Annapurna, Manaslu, Dhaulagiri
**(C)** Kanchanjangha, Sagarmatha, Makalu, Manaslu, Annapurna
**(D)** Makalu, Lhotse, Manaslu, Annapurna, Dhaulagiri

6. लिच्छविकालमा शासन संचालनको सबैभन्दा तल्लो प्रशासनिक इकाईलाई ........ भनिन्थ्यो, जसको प्रमुख ........ हुन्थे ।

**(A)** ग्राम - प्रधान  **(B)** तल - तलसिं
**(C)** द्रंग - कुथेर  **(D)** विषय - विषयपति

The lowest administrative unit was said to be .................. in Lichachhavi Period, whose administrative chief was called.............

**(A)** Gram - Pradhan  **(B)** Tal - Talsing
**(C)** Dranga - Kuther  **(D)** Bishaya - Bishayapati

7. समुह I र समुह II मा जोडा मिलाउनुहोस् र कोडबाट सही उत्तर छान्नु होस्।

| | समुह I | | समुह II |
|---|---|---|---|
| (a) | दोमट | 1. | जीवजन्तु (पंक्षी) |
| (b) | काँडे भ्याकुर | 2. | माटो |
| (c) | च्छो रोल्पा | 3. | वनस्पति |
| (d) | टुन्ड्रा | 4. | हिमताल |

| कोडहरु | a | b | c | d |
|---|---|---|---|---|
| **(A)** | 1 | 2 | 3 | 4 |
| **(B)** | 2 | 1 | 4 | 3 |
| **(C)** | 3 | 4 | 1 | 2 |
| **(D)** | 4 | 3 | 2 | 1 |

Match list I with list II & select the correct answer using the code given below the lists.

| | list I | | list II |
|---|---|---|---|
| (a) | Loam | 1. | Animals (Aves) |
| (b) | Spiny Babbler | 2. | Soil |
| (c) | Chho Rolpa | 3. | Vegetation |
| (d) | Tundra | 4. | Glacial lake |

| Codes | a | b | c | d |
|---|---|---|---|---|
| **(A)** | 1 | 2 | 3 | 4 |
| **(B)** | 2 | 1 | 4 | 3 |
| **(C)** | 3 | 4 | 1 | 2 |
| **(D)** | 4 | 3 | 2 | 1 |

8. निम्नलिखित मध्ये ठीक कुन हो /हुन, छुट्याउनु होस् ?

(1) रामशाह गोरखा राज्यका पहिलो शाह राजा थिए।
(2) वीर अमरसिंह थापाको प्राणान्त् गोसाईकुण्डमा भएको थियो।
(3) राणाकालमा जङ्ग बहादुरको मृत्यु पछि जम्मा आठ जना प्रधानमन्त्रीहरु भएका थिए।

**(A)** 1 मात्र ठीक **(B)** 2 र 3 मात्र ठीक
**(C)** 1 र 3 मात्र ठीक **(D)** 1, 2, 3 सबै ठीक

Which of the following is/ are correct?

(1) Ram Shah was the First Shah King of The Gorkha state/ principality.
(2) Brave Amar Singh Thapa took his last breathe of life at Gosaikunda.
(3) There were total eight Prime Ministers in Rana Period after demise the Prime Minister Jung Bahadur.

**(A)** Only 1 is correct. **(B)** Only 2 & 3 are correct.
**(C)** Only 1 & 3 are correct. **(D)** All 1, 2 & 3 are correct.

प्रश्न नं. 9. र 10. निम्न तालिकाका आधारमा हुनेछ:

यहाँ समुह I, समुह II र समुह III कुनै न कुनै रुपमा एक आपसमा सम्बन्धित छन् । यिनीहरुको सम्बन्ध पत्ता लगाउनुहोस् र कोडबाट सही उत्तर छान्नुहोस् ।

| | समुह I (घटनाक्रम) | | समुह II (मिति) | | समुह III ( प्रधानमन्त्री) |
|---|---|---|---|---|---|
| (a). | पहिलो मूलुकी ऐन लागु | 1. | वि.सं. 1872 | (i). | भीमसेन थापा |
| (b). | सुगौली सन्धि | 2. | वि.सं. 1910 | (ii). | जङ्ग बहादुर |
| (c). | मकै पर्व | 3. | वि.सं. 1958 | (iii). | चन्द्र शमशेर |
| (d). | गोरखापत्र प्रकाशन | 4. | वि.सं. 1977 | (iv). | देव शमशेर |

9.

| | समुह I | समुह II | समुह III |
|---|---|---|---|
| **(A)** | (a) | 2 | (ii) |
| **(B)** | (b) | 1 | (iv) |
| **(C)** | (c) | 4 | (i) |
| **(D)** | (d) | 3 | (iii) |

10.

| | समुह I | समुह II | समुह III |
|---|---|---|---|
| **(A)** | (a) | 2 | (iv) |
| **(B)** | (b) | 1 | (ii) |
| **(C)** | (c) | 4 | (iii) |
| **(D)** | (d) | 3 | (i) |

The next two (02) items ( Question No. 9 & 10) are based on the following Table:

Here, list I, list II & list III are interrelated among each other. Find the relation among themselves and select the correct answer using the code given below.

| | List I (Events) | | List II (Dates) | | List III(Premiers) |
|---|---|---|---|---|---|
| (a). | Issued First Muluki Ain ( Civil Code ) | 1. | 1872 BS | (i). | Bhimsen Thapa |
| (b). | Sugauli treaty | 2. | 1910 BS | (ii). | Jung Bahadur |
| (c). | Makai Parva | 3. | 1958 BS | (iii). | Chandra Shamser |
| (d). | Gorkhapatra Publication | 4. | 1977 BS | (iv). | Dev Shamser |

9.

| | List I | List II | List III |
|---|---|---|---|
| **(A)** | (a) | 2 | (ii) |
| **(B)** | (b) | 1 | (iv) |
| **(C)** | (c) | 4 | (i) |
| **(D)** | (d) | 3 | (iii) |

10.

| | List I | List II | List III |
|---|---|---|---|
| **(A)** | (a) | 2 | (iv) |
| **(B)** | (b) | 1 | (ii) |
| **(C)** | (c) | 4 | (iii) |
| **(D)** | (d) | 3 | (i) |

लोक सेवा आयोग

11. जोडा मिलानमा (Matchings) तलको कुन चाँहि ठीक छ ?

| | समूह I (जातजाति) | | समूह II (पर्व) |
|---|---|---|---|
| a. | तामाङ | 1. | तमु ल्होछार |
| b. | गुरुङ | 2. | सोनाम ल्होछार |
| c. | थारु | 3. | ग्याल्बो ल्होसार |
| d. | शेर्पा | 4. | माघी पर्व |

**(A)** a1, b2, c3, d4 **(B)** a2, b1, c4, d3
**(C)** a3, b4, c1, d2 **(D)** a4, b3, c2, d1

Which of the following matching is correct?

| | List I (Ethnicity) | | List II (Festivals) |
|---|---|---|---|
| a. | Tamang | 1. | Tamu Lhochhar |
| b. | Gurung | 2. | Sonam Lhochhar |
| c. | Tharu | 3. | Gyalbo Lhosar |
| d. | Sherpa | 4. | Maghi Festival |

**(A)** a1, b2, c3, d4 **(B)** a2, b1, c4, d3
**(C)** a3, b4, c1, d2 **(D)** a4, b3, c2, d1

12. नेपाली समाजमा प्रचलित चलन “पर्म (Parma) ” भनेको के हो ?
**(A)** श्रमको पारस्परिक आदानप्रदान गर्ने पद्धति हो ।
**(B)** वस्तु वा सामानहरुको पारस्परिक आदानप्रदान गर्ने पद्धति हो ।
**(C)** खाद्यान्नहरुको साटासाट गर्ने पद्धति हो ।
**(D)** स्वेच्छिक श्रम सहयोग गर्ने पद्धति हो ।

What is meant by existing "Parma" tradition in Nepalese society?
**(A)** It is a system of reciprocal exchange of labour.
**(B)** It is a system of reciprocal exchange of commodities.
**(C)** It is a barter system of grains.
**(D)** It is a volunteer labour contribution system.

13. देहाय मध्ये मानव अस्थिपञ्जर (हाड) बारे कुन कुरा ठीक होईन, छान्नुहोस् ।
**(A)** मानव शरीरमा साना र ठूला गरी जम्मा 206 ओटा हाड हुन्छन् ।
**(B)** नरम लचकदार कुरकुरे हाड (Cartilage) जीवित कोषहरुबाट बनेको तन्तु हो ।
**(C)** हाडमा फलाम (Iron) लवण (तत्व) पाइने हुनाले यो कडा हुन्छ ।
**(D)** प्रयोग अनुसार हाडको आकार प्रकार फरकफरक हुन्छ ।

Which one of the following is **not** correct about human skeleton (bone)?
**(A)** There are altogether 206 bones, including small & large, in human body.
**(B)** The soft & flexible bone is called as cartilage which is a type of tissue made of living cells.
**(C)** Because of bone contains iron salt (element), it is hard.
**(D)** The shapes and the sizes of the bones are different, depend upon their uses.

14. निम्नलिखित कथनहरुमा कुनै रोगका लक्षणहरु र सो रोगबाट बच्ने उपायहरु दिइएको छ ।
    (1) लक्षणः- यस रोगमा गिजा सुन्निएर नरम हुन्छन्, थिच्दा रगत आउँछ, खानामा रुचि हुदैन र कमजोर भईन्छ ।
    (2) रोगथाम उपायः- यस रोगबाट बच्न अमला, अम्बा, कागती, सुन्तला, हरियो सागपात, आदि जस्ता खानामा जोडदिनु पर्छ ।

    माथि उल्लिखित अनुसार निम्न लिखित मध्ये सही उत्तर कुन हो, छान्नुहोस् ?

    **(A)** रक्तअल्पता  **(B)** स्कर्भी
    **(C)** रतन्धो  **(D)** रिकेट्स (ख्याउटे)

    Symptoms of any disease & its preventive measures are given in the following statements.
    (1) Symptoms: - Gums get swollen, become weak and spongy and blood comes out when gums are pressed, loss of appetite and weakness.
    (2) Preventive measures: - To prevent this disease, we should focus to take food items like Amala, Guava, Lemon, Orange, Green Vegetables, etc.

    Which of the following is correct as statements above mentioned?

    **(A)** Anaemia  **(B)** Scurvy
    **(C)** Night blindness  **(D)** Rickets

15. "नेपाल पर्यटन वर्ष, 2011"को मूल नारा के हो ?

    **(A)** पर्यटनका लागि सँगसँगै  **(B)** पर्यटन सधैका लागि
    **(C)** पर्यटक सबैका लागि  **(D)** पर्यटकका लागि सँगसँगै

    What is the main slogan (motto) of Nepal visit year, 2011?

    **(A)** Together for Tourism.  **(B)** Tourism for ever.
    **(C)** Tourist for all.  **(D)** Together for Tourist.

## सामान्य बौद्धिक परीक्षणका नमुना प्रश्नहरु ( Sample Questions of General Mental Ability Test)

1. तल दिईएको क्रम/श्रेणीमा प्रश्नचिन्ह (?) राखिएको खाली ठाउँमा के हुन्छ ?
What will come at place of question mark (?) of the following series?
(i). d, g, j, (?), p, s, v
**(A)** l **(B)** m **(C)** n **(D)** o

(ii). 1, 2, 4, (?), 11, 16
**(A)** 6 **(B)** 7 **(C)** 8 **(D)** 9

2. टाइपिष्ट ↔ टाइपराईटर भए झै लेखकको के ?
**(A)** किताब **(B)** कागज **(C)** स्क्रीप्ट **(D)** कलम

Typist: Typewriter**::** Writer**: ?**
**(A)** Book **(B)** Paper **(C)** Script **(D)** Pen

3. निम्नलिखित मध्ये नमिल्ने कुन हो ?
Which of the following is odd?
(i). **(A)** आँखा **(B)** कान **(C)** मुख **(D)** नाक
**(A)** Eye **(B)** Ear **(C)** Mouth **(D)** Nose

(ii). **(A)** 1 **(B)** 4 **(C)** 8 **(D)** 9

4. यदि ASK को कोड ZRJ हो भने ANSWER को कोड के हुन्छ ?
If ASK is coded as ZRJ, how is ANSWER written in that code?

**(A)** ZMRVDQ **(B)** ZORVDQ **(C)** ZMRXFQ **(D)** ZORXFQ

5. पहिलो लहरमा दिईएको निश्चित नियम जस्तै गरी दोस्रो लहरको कोष्ठ भित्र प्रश्न चिन्ह (?) भएको ठाँउमा निम्न लिखित मध्ये कुन हुन्छ ?
Which one of the following fits inside the bracket of second line according to rule in first line?

1615(post)1920
1920( **?** )1516
**(A)** stop **(B)** spot **(C)** tops **(D)** pots

6. कुनै निश्चित ठाँउबाट हरिबहादुर बिहान 07:00 बजे पाँच (5) कि.मि. प्रति घण्टाको गतिमा पूर्व दिशामा हिड्न शुरु गरेछन् । त्यहि नै ठाँउबाट उहि दिशामा मदनबहादुर बिहान 08:00 बजे दश (10) कि.मि. प्रति घण्टाको गतिमा हिड्न शुरु गरेछन् भने, हरिबहादुर र मदनबहादुरको भेट कति वजे हुन्छ ?

Hari bahadur starts to walk from a certain place at 07:00 a. m. with a speed of 5 km per hour to east direction. Madan bahadur starts to walk same direction from the same place at 08:00 a. m. with a speed of 10 km per hour. What time will they meet?
**(A)** 08:30 **(B)** 09:00 **(C)** 09:30 **(D)** 10:00


लोक सेवा आयोग

7. चालिस (40) जना विद्यार्थीहरु भएको कक्षामा रामु माथिबाट बीसौं (20) स्थानमा थियो । जब उसको कक्षामा अरु दूई (2) जना विद्यार्थीहरु थप भर्ना भएपछि ऊ अघिल्लो स्थान भन्दा एक (1) स्थान पछाडि परेछ् भने, उ तलबाट कतिऔं स्थानमा पर्छ ?
In a class of 40 students Ramu is ranked 20th from top. When two more students were admitted in the class, his rank was dropped by one. What is his new rank from bottom?
**(A**) 19 **(B**) 20 **(C**) 21 **(D**) 22

8. यदि CODING भन्ने शब्दका अक्षरहरुलाई अंग्रेजी वर्णाक्रमानुसार मिलाउने हो भने कति ओटा अक्षरहरुको स्थान परिवर्तन हुँदैन ?
If the letters of word 'CODING' are rearranged in English alphabetical order, how many letters will not change from their original position?
**(A**) 1 **(B**) 2 **(C**) 3 **(D**) 4

9. गाई, कुकुर र बिरालो जस्तै कुन हो ?
Which of the following is like Cow, Dog and Cat?
**(A**) भैसी **(B**) घोडा **(C**) बाखा **(D**) माथिका सबै
**(A**) Buffalo **(B**) Horse **(C**) Goat **(D**) Above all


10. दिईएको मेट्रिक्स पुरा गर्नुहोस ?
Complete the given matrix.







**(A) (B) (C) (D)**

11. तलका मध्ये कुन चित्रले छात्र, छात्रा, विद्यार्थीहरुको सम्बन्धलाई राम्ररी प्रतिनिधित्व गर्दछ ?
Which one of the following diagrams correctly represents relationship among Boys, Girls and Students?



**(A**) **(B**) **(C**) **(D**)

12. यहाँ एकैसमय एकैसाथ दौडिरहेका P र Q दुई खेलाडीहरुको समय-दूरी ग्राफ तल दिईएको छ।
The time-distance graph of two athletes P and Q running side by side is given below:





माथि दिईएको समय-दूरी ग्राफको आधारमा निम्न लिखित मध्ये कुन चाँहि सही निर्ष्कष निकाल्न सकिन्छ ?


**(A)** दौड अवधिभरी P, Q भन्दा छिटो दौडेको थियो।
**(B)** P ले दौड जित्यो।
**(C)** दौड अवधिभरी Q, P भन्दा छिटो दौडेको थियो।
**(D)** Q ले दौड जित्यो।

Which one of the following statements is correct conclusion deducted from the graph?

**(A)** P ran faster than Q throughout the race.
**(B)** The race was won by P.
**(C)** Q ran faster than P throughout the race.
**(D)** The race was won by Q.


13. तल उल्लिखित प्रश्नको पहिलो लहरमा बायाँ देखि दायाँ सचित्र कोठाहरु निश्चित नियम अनुसार क्रमबद्ध रुपमा रहेका छन्। यसै नियम अनुसार दोस्रो लहरको कुन चित्रले पहिलो लहर पछिको क्रम पुरा गर्छ सो पत्ता लगाउनु होस् ?
The elements of first line figures below are changing with a certain rule as we observe them from left to right. According to this rule, which of the following second line would be the next figure if the changes were continued with the rule?






**(A)** **(B)** **(C)** **(D)**

14. तल दिइएका चित्रहरु मध्ये एउटा अरुभन्दा फरक छ त्यो कुन हो छुट्याउनु होस् ?
Which one of the following figure differs from other figures?




**(A)** **(B)** **(C)** **(D)**

15. तल उल्लिखित प्रश्नको पहिलो लहरका चित्रहरुमा केहि समान विशेषता छन् । यस्तै विशेषता भएको एउटा चित्र दोश्रो लहरबाट रोज्नुहोस् ?
In the following first line figures have some common characteristics. Which one of second line figure has same common characteristics?



**(A)** **(B)** **(C)** **(D)**

16. तल दिइएको चित्रमा चतुर्भुजहरुको (Quadrilaterals) कुल संख्या पत्ता लगाउनु होस् ?
What is the number of Quadrilaterals in the figure given below?



**(A)** 3 **(B)** 5 **(C)** 6 **(D)** 7

17. तल दिइएका 1, 2, 3, 4 नाम अंकित चित्रहरु मध्ये कुन कुन दुई चित्रबाट एउटा वर्ग चित्र बनाउन सकिन्छ् रोज्नु होस् ।
Select two out of the following four alternative figures 1, 2, 3, 4 when fitted together will form a complete square.



1 2 3 4

**(A)** 1 and 2 **(B)** 1 and 3 **(C)** 1 and 4 **(D)** 2 and 3

**लोक सेवा आयोग**

**नेपाल विविध सेवा, राजपत्र अनंकित द्वितीय श्रेणी, सहायक महिला विकास निरीक्षक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम**

**विषयः- कम्प्यूटर सीप परिक्षण (Computer Skill Test)**

1. **Windows basic**
   - Introduction to Graphical User Interface
   - Starting and shutting down Windows
   - Basic Windows Elements - Desktop, Taskbar, My Computer, Recycle Bin, etc.
   - Concept of files and folders
   - Searching files and folders

2. **Word processing/ MS Word**
   - Creating, saving and opening documents
   - Typing in Devanagari and English
   - Text formatting (Font, Size, Color, Underline, Italic, Bold, etc) and paragraph formatting (alignment, indentation, spacing)
   - Inserting header, footer, page number
   - Page setting (margin, page size, orientation), previewing and printing of documents

**प्रयोगात्मक परीक्षा योजना (Practical Examination Scheme)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | विषयवस्तु शिषक | अङ्क | समय |
|---|---|---|---|---|---|
| कम्प्यूटर सीप परिक्षण **(Computer Skill Test)** | १० | प्रयोगात्मक **(Practical)** | Devanagari Typing | २.५ अङ्क | ५ मिनेट |
| | | | English Typing | २.५ अङ्क | ५ मिनेट |
| | | | Windows basic and Ms-Word | ५ अङ्क | ५ मिनेट |

<u>पाठ्यक्रमको उद्देश्यः-</u>

आजको वैज्ञानिक युगमा दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधानका लागि सूचना र संचार प्रविधिसँग परिचित र न्यूनतम ज्ञान, सीप र धारणा भएको व्यक्ति हुन अपरिहार्यता रहेको छ । तसर्थ देश विकासको मेरुदण्डको रुपमा रहेको निजामती कर्मचारी छनौट गर्दा आधारभूत कम्प्यूटर ज्ञान र सीप भएको व्यक्ति छनौट गर्नु उपयुक्त हुन्छ । त्यसमा पनि खरिदार पदमा कार्यरत कर्मचारीहरुलाई कम्प्यूटर सम्बन्धी गर्नुपर्ने सामान्य समस्याहरु हल गर्ने क्षमता हुन अनिवार्य देखिन्छ । त्यसैले अप्राविधिक तर्फका न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र संसद सेवा, राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरह पद तथा नेपाल विविध सेवा, राजपत्र अनंकित द्वितीय श्रेणी, मुख्य महिला कार्यक्रता पदको खुला प्रतियोगितात्मक परीक्षाको द्वितीय चरणमा कम्प्यूटर सीप परिक्षण प्रयोगात्मक परीक्षा समावेस गरि यो पाठ्यक्रम तयार पारिएको छ ।

## प्रयोगात्मक कम्प्यूटर सीप परिक्षणका नमुना प्रश्नहरु ( Sample Questions)

1. देवनागरी Typing Skill Test को लागि 150 शब्दहरुको एउटा Text दिइनेछ । दिइएको Text लाई आधार मानी टाइप गर्नु पर्नेछ ।

   2.5 अङ्क (5 मिनेट)

2. English Typing Skill Test को लागि 200 शब्दहरुका एउटा Text दिइनेछ । दिइएको Text लाई आधार मानी टाइप गर्नु पर्नेछ ।

   2.5 अङ्क (5 मिनेट)

3. Windows basic and Word Processing:

   Perform as follows: 5 अङ्क (5 मिनेट)

   a) Open document containing text typed for question no. 2 and save it with other name 'windows basic and ms word'. 1Mark
   b) Apply 1.5 line spacing for all text. 1Mark
   c) Insert your name on left side of page and roll number on right side of page as header. 1Mark
   d) Set page margins as follow:
      Top: 2" Bottom: 1" Left: 1.5" Right: 1.25" 1Mark
   e) Insert page number as footer with centre alignment. 1Mark

लोक सेवा आयोग

## अंग्रेजी वा देवनागरी Typing Skill Test को लागि निर्देशन:-

1. देवनागरी Typing Skill Test को लागि १५० शब्दहरुको एउटा Text दिइनेछ र देहाय अनुसार अंक प्रदान गरिनेछ:-

| | शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute) | पाउने अंक |
|---|---|---|
| | ५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट वापत | ० अंक |
| | ५ वा सो भन्दा बढी र ७.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट वापत | ०.५० अंक |
| | ७.५ वा सो भन्दा बढी र १० भन्दा कम शुद्ध शब्द प्रति मिनेट वापत | ०.७५ अंक |
| | १० वा सो भन्दा बढी र १२.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट वापत | १.०० अंक |
| | १२.५ वा सो भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट वापत | १.२५ अंक |
| | १५ वा सो भन्दा बढी र १७.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट वापत | १.५० अंक |
| | १७.५ वा सो भन्दा बढी र २० भन्दा कम शुद्ध शब्द प्रति मिनेट वापत | १.७५ अंक |
| | २० वा सो भन्दा बढी र २२.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट वापत | २.०० अंक |
| | २२.५ वा सोभन्दा बढी र २५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट वापत | २.२५ अंक |
| | २५ वा सो भन्दा बढी शुद्ध शब्द प्रति मिनेट वापत | २.५० अंक |

2. English Typing Skill Test को लागि २०० शब्दहरुको एउटा Text दिइनेछ र देहाय अनुसार अंक प्रदान गरिनेछ:-

| | शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute) | पाउने अंक |
|---|---|---|
| | ६ भन्दा कम शुद्ध शब्द प्रति मिनेट वापत | ० अंक |
| | ६ वा सो भन्दा बढी र ९ भन्दा कम शुद्ध शब्द प्रति मिनेट वापत | ०.५० अंक |
| | ९ वा सो भन्दा बढी र १२ भन्दा कम शुद्ध शब्द प्रति मिनेट वापत | ०.७५ अंक |
| | १२ वा सो भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट वापत | १.०० अंक |
| | १५ वा सो भन्दा बढी र १८ भन्दा कम शुद्ध शब्द प्रति मिनेट वापत | १.२५ अंक |
| | १८ वा सो भन्दा बढी र २१ भन्दा कम शुद्ध शब्द प्रति मिनेट वापत | १.५० अंक |
| | २१ वा सो भन्दा बढी र २४ भन्दा कम शुद्ध शब्द प्रति मिनेट वापत | १.७५ अंक |
| | २४ वा सो भन्दा बढी र २७ भन्दा कम शुद्ध शब्द प्रति मिनेट वापत | २.०० अंक |
| | २७ वा सोभन्दा बढी र ३० भन्दा कम शुद्ध शब्द प्रति मिनेट वापत | २.२५ अंक |
| | ३० वा सो भन्दा बढी शुद्ध शब्द प्रति मिनेट वापत | २.५० अंक |

3. अंग्रेजी वा देवनागरी Typing मा दिइएको Text लाई आधार मानी टाइप गरेको Text सँग भिडाई चेक गरिनेछ । दिइएको अंग्रेजी वा देवनागरी Text मा उल्लेखित स्थान बमोजिम परीक्षार्थीहरुले आफ्नो Text मा Punctuation टाइप नगरेको पाइएमा त्यसको शब्दमा गणना गरिने छैन । तत्पश्चात निम्न Formula प्रयोग गरी शुद्ध शब्द प्रति मिनेट(Correct words/minute) निकालिनेछ ।

**Formula:**

$$\text{शुद्ध शब्द प्रति मिनेट (Correct words/minute)} = \frac{\text{(Total words typed} - \text{Wrong words)}}{5}$$